**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १० फरवरी २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**मुख्य समाचार**

- राज्यको मुख्यमन्त्री ममता बनर्जीले 'युवासाथी' योजना अन्तर्गत २१ देखि ४० वर्ष उमेर समूहका राज्यका बेरोजगार युवाहरूलाई प्रत्येक महिना १५०० रुपैयाँ आर्थिक सहयोग प्रदान गरिने बताउनुभएको छ।

- राज्यमा आगामी विधानसभा चुनाव अघि प्रशासनिक तैयारीहरुलाई लिएर राज्यका मुख्य निर्वाचन अधिकारी कार्यालयले पुलिस अधिकारीहरुको स्थानंतरणको निर्देश दिएको छ।

- अलग राज्य गोर्खाल्यान्ड गठनको निम्ति केन्द्र सरकारलाई चाप दिन क्रान्तिकारी माक्सबादी कम्युनिष्ट पार्टी (क्रामाकपा) द्वारा गरिएको दुई दिने धरणा कार्यक्रम आज सम्पन्न भएको छ।

- सिलगढ़ी नगर निगमले बायो-टॉयलेट वाहन, रिकवरी वैन अनि दुइवटा एंबुलेंसको उद्घाटन गरेको छ।

- मौसम विभागले राज्यका समतल साथै पहाड़का धेरै क्षेत्रहरुमा आगामी 24 घंटाको अवधि मौसम मुख्य रूपले सफा रहने संभावना व्यक्त गरेको छ।

**मुख्यमंत्री-'युवासाथी'**

राज्यको मुख्यमन्त्री ममता बनर्जीले आज राज्य सचिवालय नबन्ना मा आयोजित पत्रकार सम्मेलनमा अन्तरिम बजेटमा घोषणा गरिएको 'युवासाथी' योजना बारेमा विस्तृत जानकारी दिनुभएको छ। राज्य सरकारले अब आगामी १ अप्रिल देखि यो योजना लागू गर्ने मुख्यमंत्रीले बताउनु भएको छ। यस अन्तर्गत २१ देखि ४० वर्ष उमेर समूहका राज्यका बेरोजगार युवाहरूलाई प्रत्येक महिना १५०० रुपैयाँ आर्थिक सहयोग प्रदान गरिने सुश्री ब्यानर्जीले बताउनुभएको छ। यस योजनाको लाभ माध्यमिक तथा समकक्ष परीक्षा उत्तीर्ण गरेका तथा हाल बेरोजगार रहेका युवाहरूलाई मात्र दिइने पनि मुख्यमंत्रीले बताउनुभएको छ।

**चुनाउ आयोग**

राज्यका मुख्य निर्वाचन अधिकारी (सीईओ) मनोज अग्रवालले दिल्लीमा आज राष्ट्रीय चुनाव आयोगका फुल बेञ्चसित आज बैठक गर्नुहुनेछ। सूत्र अनुसार यस बैठकमा राज्यमा एकै चरणमा चुनाव गराइने प्रस्तावमाथि पनि चर्चा हुन सक्नेछ। उल्लेखनीय छ सीईओ कार्यालयले अघिबाटै आयोगलाई एकै चरणमा मतदान गराउने प्रस्ताव दिइसकेको छ। उल्लेखनीय छ हिज सोमवार सर्वोच्च न्यायलयले राज्यमा एसआईआर सित जुड़ेका मामलाहरुको सुनवाईको समयसीमा अझ सात दिनकोलागि बढ़ाइदिएको छ। यस पछि अंतिम मतदाता सूचीको प्रकाशनलाई लिएर अनिश्चितता बनी रहेको छ। राज्य निर्वाचन अधिकारी कार्यालय अनुसार अब आगामी 28 फरवरी अघि अंतिम मतदाता सूचीको प्रकाशन संभव हुन सक्नेछैन। यस अघि आयोगले 14 फरवरी सम्म सुनवाई पूरा गरी 21 फरवरीको दिन अंतिम सूची जारी गर्ने निर्णय लिएको थियो।

**बंगाल-स्थानंतरण**

राज्यमा आगामी विधानसभा चुनाव अघि प्रशासनिक तैयारीहरुलाई लिएर राज्यको मुख्य निर्वाचन अधिकारी (सीईओ) को कार्यालयले चुनावी ड्यूटी सित जुड़ेका पुलिस अधिकारीहरुको स्थानंतरणको प्रक्रिया आगामी 15 फरवरी सम्म पूरा गर्ने निर्देश दिएको छ। यस संबंधमा राज्यका गृह विभागलाई औपचारिक पत्र पठाइएको छ। पत्रमा जुन पुलिस पदहरुमा हाल सम्म स्थानंतरणको प्रक्रिया पूरा

भएको छैन उनीहरुलाई निर्धारित समयसीमा भित्र पूरा गरिने स्पष्ट गरिएको छ। यस बाहेक प्रक्रिया पूरा भए पछि यसको विस्तृत रिपोर्ट राष्ट्रीय चुनाव आयोग अनि राज्यका मुख्य निर्वाचन अधिकारी कार्यालयलाई पठाउन अनिवार्य हुनेछ। चुनाव अघि प्रशासनिक निष्पक्षता सुनिश्चित गर्नकालागि यो कदम महत्तवपूर्ण रहेको बताइएको छ।

**जन्तरमंतर**

अलग राज्य गोर्खाल्यान्ड गठनको निम्ति केन्द्र सरकारलाई चाप दिन क्रान्तिकारी माक्सबादी कम्युनिष्ट पार्टी (क्रामाकपा) द्वारा गरिएको दुई दिने धरणा कार्यक्रम आज सम्पन्न भएको छ। आजको कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै गोजमुमोका अध्यक्ष बिमल गुरुङले भारतको सामरिक दृष्टिले अत्यन्त संवेदनशील क्षेत्र "चिकन नेक" अर्थात सिलिगुडी करिडोरको सुरक्षा केवल भौगोलिक अवस्था अथवा सैन्य व्यवस्थापनले मात्र सम्भव नहुने बताउनुभयो। यस क्षेत्रको दीर्घकालीन सुरक्षा यहाँ बसोबासो गर्ने स्थानीय जनसमुदायको विश्वास, सम्मान र सुरक्षासँग प्रत्यक्ष रूपमा जोडिएको श्री गुरुङ्गले बताउनुभयो। उहाँले गोर्खा जाति यस क्षेत्रको ऐतिहासिक बासिन्दा मात्र नरहेर, देशप्रति आफ्नो निष्ठा, साहस र बलिदानका लागि विश्वभरी परिचित समुदाय रहेको बताउनुभयो। यसैले यस संवेदनशील क्षेत्रको स्थायित्व सुनिश्चित गर्न गोर्खा समुदायको पहिचान, अधिकार, सम्मान र सुरक्षालाई संवैधानिक रूपमा सुदृढ बनाउनु अत्यावश्यक रहेको बिमल गुरुंगले बताउनुभयो। उहाँले भन्नुभयो जब गोर्खा जाति सुरक्षित, सम्मानित र आत्मविश्वासका साथ राष्ट्रिय मूलधारामा सशक्त रूपमा उभिन्छ, तब मात्र सामाजिक स्थिरता, राष्ट्रिय एकता र सीमाको सुरक्षा दीर्घकालीन रूपमा सशक्त बन्न सक्नेछ। यसै उद्देश्यलाई ध्यानमा राख्दै छुट्टै राज्यको मांगले क्षेत्रीय स्थायित्व र राष्ट्रिय सुरक्षालाई अझ बलियो बनाउने श्री गुरुङ्गले विश्वास व्यक्त गर्नुभएको छ।

**उच्चतम न्यायालय-लापता बच्चे**

सर्वोच्च न्यायालयले आज केन्द्र सरकारलाई देशका विभिन्न भागहरूबाट बालबालिका बेपत्ता  हुने घटनाहरूको पछाडि कुनै राष्ट्रव्यापी नेटवर्क वा राज्य-विशिष्ट समूहको  उपस्थिति बारे पत्तो लगाउन भनेको छ। न्यायमूर्ति बी.वी. नागरतना र न्यायमूर्ति उज्ज्वल भुयानको पीठले यी घटनाहरूको पछाडि कुनै समानता छ कि छैन वा संयोगवश भएका घटनाहरू हुन्  भनेर पत्तो लगाउनु महत्त्वपूर्ण भएको बताएको छ। शीर्ष न्यायलयले केन्द्र सरकारलाई सबै राज्यहरूबाट तथ्याङ्क एकत्रित गर्न निर्देश दिईएको छ। न्यायालयले  उद्धार गरिएका बालबालिकाहरूलाई यस्ता घटनाहरूको लागि को जिम्मेवार छ भनेर सोधपुछ गर्न सुझाव  समेत दिईएको छ । सरकारको तर्फबाट अपर सॉलिसिटर जनरल ऐश्वर्या भाटीले केही राज्यहरूले हराएका बालबालिका र अभियोजनसित सम्बन्धित तथ्याङ्क उपलब्ध गराएको बताए, तर लगभग एक दर्जन राज्यहरूले आफ्नो तथ्याङ्क उपलब्ध गराएका छैनन।सरकारले पूर्ण तथ्याङ्क प्राप्त गरेपछि मात्र विश्लेषण गर्न सकिने उहाँले भन्नुभयो। पीठले तथ्याङ्क उपलब्ध नगराएका राज्यहरूको आलोचना गरेको छ र आवश्यक परेमा यस सम्बन्धमा कडा आदेश पारित गर्न सक्ने बताएको छ।न्यायालयले कैयन राज्यहरूमा हराइरहेका बालबालिकाको बढ्दो संख्यालाई उजागर गर्दै एक गैरसरकारी संगठन द्वारा दायर गरेको जनहित याचिकाको सुनुवाइ गरिरहेको थियो।

**छात्र माटीगढ़ा**

सिलगढ़ीको माटीगाड़ा क्षेत्रको शिमुलतलाबाट बेपत्ता भएका एक दस औ कक्षाको छात्रको शव प्राप्त भएको कारण क्षेत्रमा सनसनी फैलिएको छ। हिज सोमवार अबेर राती पुलिसले स्थानीय एक जंगलबाट छात्रको शव उद्धार गरेको हो, जसपछि शवलाई पोस्टमार्टमको लागि उत्तर बंगाल मेडिकल कॉलेज एवं अस्पतालमा पठाइयो। जानकारी अनुसार, छात्र गत शनिवार बेलुकीदेखि बेपत्ता भएको बताइएको छ। परिजनहरुले एक छिमेकी युवकले छात्रको अपहरण गरेको आरोप लगाउँदै गत आइतवार माटीगढ़ा थानामा शिकायत दर्ता गरेको थियो।  यस घटना पछि त्रिकोणीय प्रेम विवाद रहेको पनि सुत्रले बताएको छ। सुत्र अनुसार  एक युविकालाई लिएर आरोपी युवक अनि मृतक छात्र बीच लानो समयदेखि विवाद चलिरहेको थियो। छात्र बेपत्तो भए पछि आरोपित युवक पनि भागेको बताइएको छ। अपहरण पछि छात्रको हत्या गरी शवलाई जंगलमा फ्याँकिएको पुलिसको आशंका रहेको छ। हाल आरोपित युवकको खोजीको लागि पुलिसले छापेमारी गरिरहेको छ।

**सिलगढ़ी-एम्बुलेन्स**

सिलगड़ी नगर निगम (एसएमसी) नयाँ स्वरूप अनि आधुनिक सुविधाहरुको साथमा अघि बढ़िरहेको छ। नगर निगम कार्यालय परिसरमा आज मेयर गौतम देवले हरियो झण्डा देखाउनुभएर बायो-टॉयलेट वाहन, रिकवरी वैन, स्काईलैंडर वाहन अनि दुइवटा एंबुलेंसको उद्घाटन गर्नुभयो। यस अवसरमा डिप्टी मेयर रंजन सरकार, चेयरमैन प्रतुल चक्रवर्ती सहित अन्य गणमान्य व्यक्तिहरु उपस्थित थिए। हालै सिलगड़ी नगर निगम का नयाँ प्रशासनिक भवनको उद्घाटन गरिएको छ। यस भवनमा मेयर, डिप्टी मेयर, एमएमआईसी अनि पार्षदहरुकालागि अत्याधुनिक कक्षहरुसाथै एउटा नयाँ सभागार पनि तैयार गरिएको छ। इन्फ्रास्ट्रक्चर विकास साथै नागरिक सेवाहरुलाई अझ अधिक सुदृढ़ तथा गतिशील बनाउने उद्देश्यले नगर निगमले धैरै सेवाहरु अनि वाहनहरुको शुरुआत गरेको छ। मेयर गौतम देवले आवश्यक वाहनहरु अनि आधुनिक बुनियादी ढांचाको माध्यमबाट नागरिक सेवाहरुलाई असल बनाइने सिलगड़ी नगर निगमको मुख्य लक्ष्य रहेको बताउनुभएको छ। यस अन्तर्गत सोलर सिस्टमद्वारा युक्त बायो-टॉयलेट वाहन पनि शुरू भएको छ, जुन चाहिँ पुरुष अनि महिलाहरुकालागि अलग-अलग हुनेछ। यस बाहेक निगमले आफ्नो अत्याधुनिक रिकवरी वैन पनि लिएको खबर प्राप्त भएको छ।

## चिया श्रमिक-आईजीजीएफ

इण्डियन गोर्खा जनशक्ति फ्रण्टका अध्यक्ष अजय एड्वर्डले आज एउटा प्रेस विज्ञप्ती जारी गर्दै चिया बगानका मजदुरहरूका लागि न्यूनतम ज्यालाको माग गर्दै भइरहेको आन्दोलन न्याय प्राप्त नभएसम्म निरन्तर रूपमा जारी रहने बताउनुभएको छ। श्री एड्वर्डले यो आन्दोलन कुनै औपचारिक विरोध मात्र नरहेर दशकौ देखिको शोषण, पूरा नभएका आश्वासनहरू र चिया उद्योगलाई जीवित राख्ने हातहरु प्रति गरिएको योजनाबद्ध उपेक्षाबाट जन्म लिएको दिर्घकालीन आन्दोलन रहेको बताउनुभयो। आन्दोलनरत मजदुरहरूले सम्मानजनक जीवनयापन, खाद्य सुरक्षा, स्वास्थ्य सेवा तथा आफ्ना सन्तानहरूको भविष्य सुनिश्चित गर्ने कानुनअनुसारको न्यूनतम ज्यालाको माग गरिरहेका श्री एड्वर्डले बताएका छन्। ढिलो भएको न्याय भनेको न्याय नपाउनु सरह हुने उल्लेख गर्दै, न्याय स्थापित नभए सम्म संघर्ष जारी रहने चेतावनी पनि अजय एड्वर्डले दिएका छन्।

## निर्वाचन आयोग - पदस्थापन अधिकारी

निर्वाचन आयोगले असम, केरल, तमिलनाडु र पश्चिम बंगाल तथा केन्द्र शासित प्रदेश पुडुचेरीमा हुने आगामी विधानसभा चुनाव सम्बन्धमा अधिकारीहरूको स्थानान्तरण सम्बन्धी निर्देश जारी गरेको छ। यी राज्यहरूको विधान सभाहरूको कार्यकाल यस वर्षको मई र जुन बीच समाप्त हुँदैछ, जसको लागि आयोगले तयारी संबंधी प्रशासनिक उपायहरू अपनाएको छ। आयोगले भनेको छ चुनाव कार्यमा प्रत्यक्ष रूपमा संलग्न अधिकारीहरूलाई उनीहरुको गृहनगर र ती जिल्लाहरुमा तैनात गर्न अनुमति दिईने छैन जहाँ उनीहरूले पछिल्लो चार मध्ये तीन वर्षको सेवा पूरा गरेका छन्। यो शर्त तब मात्र लागू हुनेछ जब अधिकारीले असम, केरल, तमिलनाडु र पश्चिम बंगालमा 31 मई 2026 तथा पुदुचेरीको लागि 30 जून 2026 मा अथवा त्यस भन्दा अघि कार्यकाल पूरा गरेको छ वा पूरा गर्ने छ।यी सबै राज्यका मुख्य सचिव र मुख्य निर्वाचन अधिकारीहरूलाई लेखेको पत्रमा, आयोगले सबै स्थानान्तरणहरू 27 फरवरी 2026 सम्ममा सम्पन्न गर्न र अनुपालन रिपोर्ट पेश गर्न निर्देश दिएको छ।

## हिरा जफ्त

राजस्व गुप्त निदेशालय (डीआरआई) को एउटा दलले बागडोगरा हवाईअड्डामा ठुलो कार्यवाही गर्दै चार करोड़ रुपियाँ भन्दा अधिक मूल्यको हीरा साथै एक व्यक्तिलाई गिरफ्तार गरेको छ। आरोपित व्यक्ति दिल्लीको निवासी रहेको बताइएको छ। गुप्त सूचनाको आधारमा डीआरआईको दलले हिज यस व्यक्तिलाई रोकेर बैगको जाँच गर्दा, बैगमा लगभग १ यस ६२ ग्रामको हिरा जफ्त गरियो जसको बजार मुल्य ४ करोड़ भन्दा अधिक रहेको बताइएको छ जसपछि हवाईअड्डा बाहिर आरोपितलाई गिरफ्तार गरिएको हो। आरोपितको जाँच गरिन्दा उसको बैग से 808.35 कैरेट (161.66 ग्राम) हीरे बरामद हुए। जिनकी बाजार कीमत 4.33 करोड़ रुपये बताई गई है। आरोपितलाई आज सिलगड़ी अदालतमा पेश गरिएको छ, जसपछि उसलाई 14 दिन को न्यायिक हिरासतमा पठाइएको छ। हाल मामलाको जांच जारी रहेको छ।

## मिरिक-यज्ञ

मिरिकको सौरैनीमा अवस्थित मनकामेश्वर शिवालय परिसर सौरैनी बजारमा सम्पन्न भइरहेको सप्ताह दिवसीय हरिहरात्मक श्रीमद् भागवत यज्ञको दोस्रो दिन आज विविध धार्मिक अनुष्ठानहरु सम्पन्न भयो। अनुष्ठान आगामी 16 फरवरीसम्म चल्नेछ। जसमा प्रमुख

व्यास तथा कथा वाचिकाको रूपमा चर्चित कथा वाचिका राधिका दासीको प्रमुख उपस्थिति रहेको छ। आयोजक समिति अनुसार सप्ताव्यापी हरिहरात्मक श्रीमत भागवत सप्ताह यज्ञ आयोजना हुने जसमा प्रत्येक दिन कथा श्रावणसँगै विविध धार्मिक अनुष्ठानहरू आयोजना हुने बताएका छन्। यसका साथै प्रत्येक दिन १ लाख बत्ती बालिने छ।

**च्याँगा- बोर्ड**

च्याँगा पानीघट्टा ग्राम पन्चायत बोर्ड विगठन गर्न बोर्ड सदस्यहरूले अविश्वास प्रस्ताव लिएर नयाँ बोर्ड गठन गर्ने अनुरोध गरेपछि आज भाजपा मिरिक मण्डलले मिरिक महकुमा शासक अनि मिरिक खण्ड विकास अधिकारीसित भेट गरि यस अविश्वास प्रस्तावलाई राज्य सरकारद्वरा पारित प्रस्तावलाई मानिलिएर कार्य गर्ने अनि तीन बर्षसम्म बोर्ड याथवत राख्ने अनुरोध गरेको छ। यस विषयमा बोल्दै भाजपा जिल्ला उपाध्यक्ष राजेन मुखियाले च्याँगा पानीघट्टा ग्राम पन्चायतमा सदस्यहरूले अविश्वास प्रस्ताव लिएता पनि पश्चिम बंगालका राज्यपाल अनि मुख्य सचिवद्वरा गत 7 फरवरीमा जारी गरिएको सूचनामा ग्राम पन्चायतको बोर्ड गठन भएको तीनवर्षसम्म विगघठन गर्न नपाँउने उल्लेख गरेको जसलाई अनुसरण गरेर च्याँग पानीघट्टा ग्राम पन्चायतको बोर्डलाई याथवत राख्ने अनुरोध मिरिक महकुमा शासक अनि मिरिक खण्ड विकास अधिकारी सित गरिएको बताए का छन्।

**निधन-गोरामुमो**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चाका संस्थापक सदस्य, केन्द्रीय समिति सदस्य तथा पार्टीका वरिष्ठ नेता किशोर राईको असामयिक निधनमा पार्टी अध्यक्ष मन घिसिङले शोक व्यक्त गर्दै आज अन्तिम श्रद्धाञ्जली अर्पण गर्नुभएको छ। किशोर राईको निधनले पार्टीले मात्र नभएर सम्पूर्ण गोर्खा समाजले एक कर्मठ, निष्ठावान् र समर्पित योद्धा गुमाएको गोरामुमो अध्यक्ष मन घिसिङले बताएका छन्।

**मौसम**

मौसम विभागले कोलकाता अनि वरिपरिका क्षेत्रहरुमा आगामी 24 घंटाको अवधि मौसम मुख्य रूपले साफ रहने संभावना व्यक्त गरेको छ। विभाग अनुसार, यस अवधि अधिकतम तापमान लगभग 27 डिग्री सेल्सियस अनि न्यूनतम तापमान लगभग 15 डिग्री सेल्सियस रहने संभावना रहेको छ। यसको साथै वर्षाको कुनै संभावना नरहेको पनि विभागले बताएको छ। यसको साथै मौसम विभागले दार्जीलिङ्ग पहाड़ तथा तराई डुवर्समा पनि मौसम सुखा रहने संभावना व्यक्त गरेको छ। विभाग अनुसार यी क्षेत्रहरुका केही स्थानहरुमा हल्का देखि मध्यम कुइरो लाग्न सक्ने पनि बताइएको छ।

****** ० ******